स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नायिका रेखा थापाको बहुप्रतिक्षित फागुन २५ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'उपहार'को शीर्ष गीत 'हेरेको छैन' सार्वजनिक भएको छ। युट्युबमार्फत सार्वजनिक गरिएको यो शीर्ष गीत फिल्मको तेस्रो गीत हो। गीतमा रविन भुसालको स्वर, अर्जुन पोखरेलको संगीत तथा प्रमोद ढुंगानाको शब्द छ। कविराज गहतराजको कोरियोग्राफी सार्वजनिक गीतको भिडियोमा हेर्न सकिन्छ। गीतमा अभिनेत्री रेखा थापा, बेनिशा हमाल, पूजा शर्मा, मुकुन भुसाल, सुष्मा कार्की फिचर्ड छन् ।

आजको विचार...



हरि गौतम

बजार...
(दुई पेजमा)



दीया पुनको परिचय अभिनेत्रीको रुपमा मात्र सीमित छैन । उनी नर्स र पर्वतारोही समेत हुन् । उनी यतिबेला माघ २६ गते प्रदर्शन तयारीमा रहेको फिल्म 'दयारानी'को प्रचारमा व्यस्त छिन् । दीयाले सर्वोच्च शिखर सगरमाथादेखि अफ्रिका महादेशको सबैभन्दा अग्लो माउण्ट किलिमन्जारो र दक्षिण अमेरिका महादेशकै सबैभन्दा अग्लो अकोनकागा हिमाल आरोहण गरिसकेकी छन् । दीयाले आफूले सातै महादेशका अग्ला हिमाल (सेभेन समिट) आरोहण गर्ने बताएकी छन् । आगामी तीन वर्षभित्र बाँकी चार हिमाल आरोहण गर्ने उनको तयारी छ ।

❑ वर्ष २९ ❑ अंक १८६ ❑ २०८० माघ २० गते शनिबार 3 February 2024, Saturday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### सैन्य कारबाहीमा दुई विद्रोहीको मृत्यु



(रासस/सिन्ह्वा)

**इस्लामावाद**, माघ १९/पाकिस्तानको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तमा सुरक्षा बलले गरेको कारबाहीमा दुई विद्रोही लडाकू मारिएको सेनाले जनाएको छ ।

पाकिस्तानी सेनाको सञ्चार शाखा इन्टर-सर्भिस पब्लिक रिलेसन्स ( आइएसपिआर) ले बिहीबार विज्ञप्तिमार्फत् सुरक्षा बलले प्रान्तको डेरा इस्माइल खान जिल्लामा आतङ्कारीहरूको उपस्थितिमा गुप्तचर आधारमा सुरक्षा कारबाही गरेको थियो । कारबाहीको क्रममा आतङ्कवादी र सैनिकहरूबीच तीव्र गोलीबारी भएको थियो । गोलाबारीमा दुई विद्रोही मारिएको तथा ठूलोमात्रामा हतियार, गोलाबारुद र विस्फोटक पदार्थको पनि बरामद गरिएको आइएसपिआरले जनाएको छ ।

# जेसिजका २६ शाखा अध्यक्ष र पदाधिकारीहरु पाल्पामा

## संसदीय प्रणाली सम्बन्धी तालिम लिदैं

**रामचन्द्र रायमाझी**

**पाल्पा,** माघ १९/जेसिजका २६ शाखा अध्यक्ष र पदाधिकारीहरु पाल्पा आएका छन् । पाल्पा जेसिज वर्ष २०२४ ले आयोजना गरेको संसदीय सभा प्रणाली सम्बन्धी दुई दिने राष्ट्रियस्तरको तालिम लिन उनीहरु पाल्पा आएका हुन् ।






जेसिजमा आवद्ध जेसी सदस्यहरुलाई बैठक सञ्चालन, मर्यादा, आृना भनाइ राख्ने शैली लगायतका बारेमा जानकारी दिने उद्देश्यले शुक्रबारदेखि तालिम सञ्चालन गरिएको हो । तानसेनको धुर्वघाटस्थित सित्तल फार्ममा सञ्चालन भएको तालिमको तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले उद्घाटन गरेका हुन् । तालिमको उद्घाटन गर्दै प्रमुख अतिथि समेत रहेका नगर प्रमुख श्रेष्ठले युवाहरुको नेतृत्व, व्यक्तित्व विकास र अनुशासित बनाउन तालिमले महत्वपूर्ण भूमिका खेल्ने बताए । उनले आफु पनि वर्ष १९९० को मा जेसिज पाल्पाको अध्यक्ष भएको र त्यहाँबाट व्यक्तित्व विकाससँगै जीवन जिउने कला राम्रोसँग सिक्ने अवसर प्राप्त गरेको भन्दै युवाहरुलाई धैर्य र एकाग्रह भएर तालिममा सहभागी हुन आग्रह गरे । नगर प्रमुख श्रेष्ठले पाल्पा जेसिजले सकरात्मक सोंचको विकास गर्न महत्वपूर्ण भूमिका खेलेको बताए । उनले सकरात्मक सोंचले मात्र लक्ष्य पुरा हुने भन्दै धैर्य र एकाग्रह भएर सकरात्मक सोंचका साथ काम गर्न युवाहरुलाई आग्रह गरे । कार्यक्रममा मुख्य प्रशिक्षक जेसी कैलाश कार्की श्रेष्ठले पाल्पा शाखाले मिसन र भिजनलाई आत्मसाथ गर्दै आएकोमा खुसी व्यक्त गरे । उनले सिक्दै रमाइलो गर्दै दुई दिने तालिम हुने बताए । जेसिजका राष्ट्रिय कार्यकारी उपाध्यक्ष जेसी सन्दीप अग्रहरीले जेसिज वर्ष २०२४ लाई ऐतिहासिक र सफल वर्षको रुपमा चिनाउन वर्ष भरी प्रशिक्षणका कार्यक्रमहरु गर्ने जानकारी गराए । जेसिजका राष्ट्रिय उपाध्यक्ष जेसी गणेश सापकोटाले राष्ट्रियस्तरको तालिम पाल्पामा सञ्चालन हुनु गौरवको कुरा रहेको बताए ।

कार्यक्रममा जेसिज पाल्पाका संस्थापक अध्यक्ष छत्रराज शाक्य, जेसिजका पूर्व अध्यक्ष/पूर्व राष्ट्रिय उपाध्यक्ष तथा पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराईले युवाहरुको व्यक्तित्व, नेतृत्व विकाससँगसँगै सामाजिक कार्यमा समेत सक्रिय बन्न जेसिजलाई आग्रह गरे । उनीहरुले युवाहरुलाई स्वदेशमै स्वरोजगार सिर्जनना गरी आर्थिक रुपमा बलियो बनाउने दिशामा समेत जेसिजले सोच्नुपर्ने बताए । जेसिज पाल्पाका अध्यक्ष जेसी अर्जुन कार्कीले जेसिज वर्ष २०२४ को जेसिज अभियानलाई सफल बनाउन समय सापेक्षा उत्कृष्ट एवं उपलब्धी मूलक कार्यक्रमहरु सञ्चालन गरी युवाहरुको अन्तरनिहित प्रतिभालाई प्रशिक्षणको माध्यद्वारा प्रस्फुटन गराई कुसल नेतृत्व तथा सबल व्यक्तित्व विकासमा योगदान पुऱ्याउने उद्देश्यका साथ पाल्पामा तालिम सञ्चालन गरिएको बताए । कार्यक्रम संयोजक जेसी कला दाहालले तालिमसँगै पाल्पाको कला संस्कृतिको पहिचान दिलाउन जेसिज साँझ समेत राखिएको बताइन् । तालिम उद्घाटन सत्र कार्यक्रम जेसिजका जिल्ला अध्यक्ष जेसी अर्जुन कार्कीको अध्यक्षता, महासचिव जेसी विजय कार्कीको सञ्चालमा कार्यक्रम भएको थियो । तालिममा प्रशिक्षक जेसी कैलाश कार्की श्रेष्ठ र जेसी शिव भूषालले बैठक के हो, बैठक कसरी सञ्चालन गर्ने, सफल बैठक कसरी आयोजना गर्न सकिन्छ, जेसिजमा अध्यक्ष र अन्य पदाधिकारीहरुको भूमिका विषयमा प्रशिक्षण दिनेछन् । तालिममा सैद्धान्तिक र प्रयोगात्मक अभ्यास गराईने छ । तालिम आज सकिदै छ ।

## सामाजिक सञ्जाल प्रयोगकर्ताले ध्यान दिऔं

- बेनामी वा छद्मवेशी पहिचान सिर्जना गरी कुनै पनि विषयवस्तु उत्पादन, शेयर वा टिप्पणी नगरौं,
- मिथ्या, भ्रमपूर्ण सूचना, घृणा फैलाउने, सामाजिक सद्भाव र सहिष्णुतामा आँच आउने खालका अभिव्यक्ति, श्रव्य दृश्य सामग्री, तस्वीर शेयर नगरौं,
- बहुविवाह, बालबिवाह, मानव वेचविखन र छुवाछुत जस्ता कानूनले वर्जित गरेका विषय वा क्रियाकलाप गर्न प्रोत्साहन नगरौं,
- अरुलाई होच्याउने अपमान गर्नेजस्ता कार्य सामाजिक सञ्जालबाट नगरौं,
- निजी प्रकृतिका फोटो भिडियो अनुमति वेगर छायांकन, प्रकाशन तथा प्रसारण नगरौं,
- अश्लिल शव्द तस्विर, श्रव्य, दृश्य, एनिमेसन प्रकाशन प्रसारण नगरौं,
- बालयौन शोषण, यौन दुर्व्यवहार, देहव्यापार लगायतका क्रियाकलापलाई प्रोत्साहन नगरौं,
- विभत्स तस्वीर, भिडियो अपलोड र शेयर नगरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# गुल्मीमा खसीबोका बिक्रीबाट मनग्य आम्दानी

**गुल्मी,** माघ १४/गुल्मीमा यतिबेला बाखापालन व्यवसाय गर्ने किसान धेरै छन् । बाखापालन व्यवसायबाट राम्रो आम्दानी गर्न थालेपछि यहाँका किसान बाखापालनलाई आफ्नो दैनिकीसँग जोड्दै जान थालेका हुन् ।



अन्य व्यवसायको तुलनामा बाखाबाट छोटो समयमै प्रशस्त आम्दानी लिन पाइने र भनेको बेलामा सजिलैसँग बिक्री गर्न सकिने भएका कारण किसानको रुचि बाखापालनमा बढेको हो । यस जिल्लाका किसान खसी, बोका बिक्रीबाट वार्षिक दुई अर्ब ५५ करोडभन्दा बढी आम्दानी गर्ने गर्दछन् । यहाँको खसी, बोका बाहिरी जिल्लामा समेत निर्यात हुँदै आएको छ । जिल्लाका प्रत्येक पालिकाहरुबाट वार्षिकरुपमा ४६ हजार खसी, बोका जिल्लाबाहिर निर्यात हुँदै आएको भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र गुल्मीका पशु विकास अधिकृत हुमाकान्त पाण्डेयले जानकारी दिए । उनका अनुसार जिल्लाबाहिर निर्यात भएका खसी, बोकाबाट वार्षिक ९८ करोड जिल्ला भित्रने गरेको बताइएको छ । जिल्लाको रुरुक्षेत्र, सत्यवती, मदाने र धुर्कोट गाउँपालिकामा सबैभन्दा बढी बाखापालन गरिँदै आएको छ । यस क्षेत्रमा उत्पादन भएका पाँच हजार जति बोका बीउका लागि बाहिर निर्यात हुँदै आएको छ । जिल्लामा वार्षिकरुपमा एक लाख २० हजार खसी, बोका बिक्री हुँदै आएको कार्यालयले जनाएको छ । उक्त खसी, बोकाबाट जिल्लामा वार्षिक एक हजार एक सय ६३ मेट्रिकटन मासु उत्पादन हुने गर्दछ ।

जिल्लामा जमुनापारी क्रस र बोयर क्रस जातका बाखाहरु उत्पादन गरिँदै आएको छ । गत आर्थिक वर्षमा कार्यालयमा दर्ता भएका चार सय १६ बाखा फार्मबाट दुई लाख पाँच हजार सात सय ७७ बाखा उत्पादन भएको छ ।

भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र गुल्मीले बाखापालनका लागि किसान र तिनका समूहलाई खोर निर्माण, बीउ, औषधि उपचार, खोप, मेसेनरी सामग्री खरिदलगायत क्षेत्रमा अनुदान उपलब्ध गराउँदै आएको पशु सेवाविज्ञ केन्द्र प्रमुख पाण्डेयले बताए । जिल्लामा किसानले बाखापालनबाट राम्रो आम्दानी गर्दै आए पनि पछिल्लो समयमा भने व्यावसायिक किसानको संख्या भने घट्दै जान थालेको छ । युवा जनशक्ति बाहिर पलायन हुँदै जाने, अनुदान पाउने आशमा मात्र व्यवसाय सञ्चालन गर्ने, घाँसको अभाव हुने र काम गर्ने जनशक्ति पर्याप्त नभेटिने समस्याका कारण किसानले सोचेजस्तो प्रतिफल पाउन नसकेको बताइएको छ । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## भ्रष्टाचार रोगको उपचार गरौं

भ्रष्टाचार देशका लागि रोग बनेको छ । यो रोगले देशको सिंहदरबारदेखि गाउँ–गाउँका सिंहदरबारसम्मलाई गाँजेको छ । समाजका सबैजसो तह र तप्का अनि निकाय तथा संस्थालाई भ्रष्टाचारले कमजोर बनाएको छ । भ्रष्टाचारको प्रमुख कारण देशमा व्याप्त कुशासन नै हो । कुशासनको जड अस्थिर राजनीति, इमान, निष्ठा र सिद्धान्तहीन राजनीतिकर्मी तथा शासक हुन् । त्यसैले त नेपाल कम भ्रष्टाचार र सुशासनको सूचीमा १८० मुलुकमध्ये १०८ औं स्थानमा परेको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलको 'भ्रष्टाचार अवधारणा सुचकांक २०२३' प्रतिवेदनले त्यसै भन्छ । उक्त संस्थाले नेपालमा भ्रष्टाचार नियन्त्रणको कसरतै नभएको पनि बताएको छ । यसबाट प्रस्ट हुन्छ कि नेपालको राजनीतिक नेतृत्वको मुखमा भ्रष्टाचार नियन्त्रण भएपनि व्यवहारमा पटक्कै इच्छाशक्ति छैन । अझ बढी स्थानीय तहहरुमा भ्रष्टाचारले जरो गाडेको छ । व्यवस्थापकीय, कार्यपालिका र न्यायिक शक्ति तथा अधिकारको प्रयोग गर्न पाउने अख्तियारी संवैधानिक रुपमा स्थानीय तहहरुलाई प्रत्यायोजन गरिएको छ ।

स्थानीय तहहरु अधिकारको हिसाबले पूर्ण र स्रोत–साधनको परिचालन, व्यवस्थापन तथा सञ्चालनको हिसाबले स्वायत्त नै छन् । तर, अधिकार पाएकै नाउँमा प्रत्येक पालिकाहरुमा भ्रष्टाचारले जडो गाडेको सहज रुपमा देख्न सकिन्छ । यो आफैमा दुखद् हो । तीन तहका सरकारले सुशासन र विकासमा जोड दिंदै भ्रष्टाचार र कालोबजारी नियन्त्रण गर्ने प्रयास गरिरहेका छन्, तर पनि लक्ष्यअनुसार उपलब्धि प्राप्त भने हुन सकेको छैन । भ्रष्टाचार नियन्त्रण र सुशासनमा सरकार तथा राजनीतिक दलहरू दृढ अठोटका साथ अघि बढे मात्र नेपाल अति भ्रष्टाचार हुने मुलुकहरुको सूचीबाट बाहिर निस्कन सक्छ । भ्रष्टाचारमा शून्य सहनशीलता नारामा होइन, व्यवहारमा हुनुपर्छ । भ्रष्टाचारकै कारण नागरिकमा व्यापक निराशा पैदा भएको छ, व्यवस्थाप्रति नै नकारात्मकताको ग्राफ उकालो लाग्नुको प्रमुख कारण पनि भ्रष्टाचार नै हो । भ्रष्टाचार रोगको बेलैमा उपचार नगर्ने हो भने महामारीको रुप लिई देशले ठूलो क्षति ब्यहोर्नुपर्ने हुन सक्छ । तसर्थ भ्रष्टाचार रोग नियन्त्रणमा सरकार, राजनीतिक दल गम्भीर बन्न जरुरी छ ।

## Opinion @ Social Network


सम्बन्धलाई हैसियतको नजरले कहिले पनि नहेर्नुस्
किनकी अक्सर साथ निभाउने गरिब नै हुन्छन्, मन बिनाको धनको कुनै अर्थ हुँदैन।
*(सम्झना दंगाल मगरको फेसबुक स्टाटसबाट www.facebook.com/magarnisamjhana.dangal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बजार चक्रका लागि 'उधारो कानुन' किन आवश्यक ?



हरि गौतम

*वर्ष दिनमा दुईपटक मात्र कारोबारको रोटेसन हुन गयो । यसको असरले कारोबारमा बैंक ब्याज बढी लाग्यो, सामानको मूल्य बढ्यो र सामान महँगियो । फलतः उत्पादक, वितरक एवं उपभोग सबै मर्कामा परे । बजारमा कारोबारमा मन्दी आयो, जो अहिलेको ठूलो समस्या हो । अब के गर्ने त ? उधारो कारोबारको व्यवस्थापन गर्न सरकारले कानुन बनाउन अति जरुरी छ । कुनै बैंकमा खाता खोलेर चेक लिई सो चेक काटेपछि खातामा पैसा नभएर चेक बाउन्स भए त्यो सरकारवादी मुद्दा हुन्छ । राज्यले चेक बाउन्स गराउनेमाथि मुद्दा चलाउँछ, त्यसलाई कालो सूचीमा राख्छ । यसरी नै कुनै पनि विक्रेताले उधारोमा क्रेतालाई बिक्री गरेको सामानको भुक्तानी पाएन भने कानुनका माध्यमबाट सरकारले सो रकम उठाउने दायित्व लिनुपर्छ । किनभने कुनै पनि व्यापार व्यवसायबाट सरकारले धेरै फाइदा लिएको हुन्छ । विक्रेताले बिक्री गरेको सामानको १३ प्रतिशत भ्याट सोझै सरकारको खातामा जान्छ । जसमा क्रेताले सो पैसा तिरोस् वा नतिरोस्, मतलब भएन । कुनै उद्योगले आफ्नो उत्पादनका लागि प्रयोग गरेको कच्चा पदार्थमा भन्सार तिरेको हुन्छ, सो रकम पनि सरकारको हो । उद्योगले आफ्नो उत्पादन गर्दा नागरिकलाई रोजगार दिएको हुन्छ, जसले गर्दा राज्यलाई सजिलो हुन्छ । यस्तै, कुनै पनि उद्योगले उद्योग सञ्चालन गर्न बैंकबाट ऋण लिएको हुन्छ । उधारो बिक्री गरेको सामानको पैसा नउठे बैंकलाई पनि दीर्घकालीन असर हुन्छ ।*

केही दिनपहिले कोशी प्रदेशका विभिन्न १० उद्योग वाणिज्य सैहरूले उधारो सम्बन्धमा केही प्रस्ताव पास गरे । बजार शिथिल रहेको अहिलेको अवस्थामा उद्योग व्यवसायको कारोबार चक्रलाई लक्षित गरी उधारो कानुन आवश्यक रहेको उनीहरुको निष्कर्ष छ । थप उधारो नदिने र यो अभियानमा अन्य चेम्बरहरूलाई आबद्ध गरी थप प्रयास गर्ने आदि प्रस्ताव उनीहरुले पास गरेका छन् । अहिले हाम्रा लागि उधारो कारोबार ठुलो चुनौतीका रूपमा बढ्दै छ । हामीकहाँ कारोबार चक्रमा अधिकांश कारोबार उधारोमा हुने र उधारो कारोबार नगर्ने कुनै व्यवसाय बजारमा टिक्नै नसक्ने अवस्था छ । प्रश्न उठ्छ– पहिले पहिले उधारो कानुन नभएर पनि व्यवसाय चलेकै थियो, अहिले आएर किन उधारो कानुन चाहियो ?

पहिले उधारो कानुनबिना व्यवसाय चले पनि समस्या धेरै थिए । उधारोका कारण धेरै कारोबारी बिग्रिए पनि यो उनीहरूको व्यक्तिगत समस्या मानिन्थ्यो । अर्कोतिर पहिले व्यवसायमा नैतिकता पनि थियो । बजारबाट उधारो ल्याएपछि त्यसको पैसा समयमै भुक्तानी गर्नु आफ्नो कर्तव्य ठान्ने व्यवसायीको ठूलो जमात थियो । ५-७ प्रतिशत कारोबार बिग्रिहाले पनि त्यो वास्तविक समस्याका आधारमा बिग्रिएको हो भन्न सकिन्थ्यो, तर २०७२ सालको भूकम्प, कोभिड कालपछि बिस्तारै बजारको कारोबारमा इमानभन्दा बेइमान बलियो हुँदै गयो । कारोबारमा लिएको उधारो नतिर्ने, सामान लगिसकेपछि फोन नउठाउने, भेट्न जाँदा नभेट्ने, कसै गरी भेटेर पैसा माग्दा 'म दिन्नँ, जे गर्नुपर्छ, त्यही गर' भन्ने जस्ता प्रवृत्ति आम हुँदै गए । बजारमा प्रतिस्पर्धाका कारणबाट उधारो दिने व्यवसायी पनि बढी भए । एक ठाउँबाट उधारो ल्याउने, त्यसको नतिरी पुन: अर्को अर्को ठाउँबाट उधारो लिने, त्यहाँ पनि नतिरी अन्यत्रबाट उधारो लिने प्रवृत्ति बढ्दै गयो । उधारोबाट ल्याएको सामान बेची निजी काममा लगाउने, जग्गा, गाडी किन्ने वा बच्चाको शिक्षा, व्रतबन्ध, विवाहजस्ता कार्यमा खर्च गरी उधारो नै नतिर्ने प्रवृत्ति व्यापक हुँदै गयो । वर्तमान आर्थिक शिथिलताको अवस्थामा उधारोको पैसा माग्यो भने 'छैन जे गर्नुछ गर', 'बढी दबाब दियौ भने तिम्रो नाममा आत्महत्या निरुत्साहितको चिठी लेखेर सुसाइड गरी तिमीलाई जेल पठाउँछु' भन्ने जस्ता उग्रधार पनि देखिन थाल्यो । अर्को समस्या, उधारो उठिहाले पनि उठाउन लामो समय लाग्ने, ३० दिनदेखि ४५ दिनभित्र उठ्नुपर्ने रकम चार-पाँच महिना लाग्ने, पैसा उठाउन धेरै ताकेता गर्नुपर्ने, ताकेता र कर्मचारी खटाउँदा त्यसको लागत बढ्नेजस्ता प्रवृत्ति आम हुँदै गए । जसले गर्दा बजारमा नगद प्रवाह कमजोर भयो । वर्ष दिनमा दुईपटक मात्र कारोबारको रोटेसन हुन गयो । यसको असरले कारोबारमा बैंक ब्याज बढी लाग्यो, सामानको मूल्य बढ्यो र सामान महँगियो । फलतः उत्पादक, वितरक एवं उपभोग सबै मर्कामा परे । बजारमा कारोबारमा मन्दी आयो, जो अहिलेको ठूलो समस्या हो । अब के गर्ने त ? उधारो कारोबारको व्यवस्थापन गर्न सरकारले कानुन बनाउन अति जरुरी छ । कुनै बैंकमा खाता खोलेर चेक लिई सो चेक काटेपछि खातामा पैसा नभएर चेक बाउन्स भए त्यो सरकारवादी मुद्दा हुन्छ । राज्यले चेक बाउन्स गराउनेमाथि मुद्दा चलाउँछ, त्यसलाई कालो सूचीमा राख्छ । यसरी नै कुनै पनि विक्रेताले उधारोमा क्रेतालाई बिक्री गरेको सामानको भुक्तानी पाएन भने कानुनका माध्यमबाट सरकारले सो रकम उठाउने दायित्व लिनुपर्छ । किनभने कुनै पनि व्यापार व्यवसायबाट सरकारले धेरै फाइदा लिएको हुन्छ । विक्रेताले बिक्री गरेको सामानको १३ प्रतिशत भ्याट सोझै सरकारको खातामा जान्छ । जसमा क्रेताले सो पैसा तिरोस् वा नतिरोस्, मतलब भएन । कुनै उद्योगले आफ्नो उत्पादनका लागि प्रयोग गरेको कच्चा पदार्थमा भन्सार तिरेको हुन्छ, सो रकम पनि सरकारको हो । उद्योगले आफ्नो उत्पादन गर्दा नागरिकलाई रोजगार दिएको हुन्छ, जसले गर्दा राज्यलाई सजिलो हुन्छ । यस्तै, कुनै पनि उद्योगले उद्योग सञ्चालन गर्न बैंकबाट ऋण लिएको हुन्छ । उधारो बिक्री गरेको सामानको पैसा नउठे बैंकलाई पनि दीर्घकालीन असर हुन्छ । नियमपूर्वक भ्याट तिरेको भीसीटीएस गरेको बिलको उधारो रकम उठाउन सरकारले कानुन बनाइदिने हो भने भ्याट बिलमा रहेको न्यून बिजकीकरणको समस्या समाधान हुनेछ । न्यून बिजकीकरण गरेर कुनै विक्रेताले बिल काटे भोलि समस्या पर्दा उठ्ने रकम त त्यति नै हो, अनि ऊ किन जोखिम मोल्न चाहन्छ । अर्को महत्त्वपूर्ण कुरो, उधारो रकम उठाउने कानुन भएमा बजारमा अहिलेको भन्दा तेब्बर रकम रोटेसन हुन्छ । अनि बजारमा पैसाको प्रशस्त आपूर्ति हुन्छ । माग र आपूर्तिको सही व्यवस्थापन भएमा सामानको लागत मूल्य कम परी वस्तुको भाउ घट्छ । विक्रेतालाई बैंक ब्याज कम परी सामान सस्तोमा दिन सक्छ र अन्तमा यसको फाइदा उपभोक्ताले पाउनेछन् । उपभोक्तालाई सस्तो दाममा सामान उपलब्ध गराउनु लोक कल्याणकारी राज्यको कर्तव्य पनि हो ।

उधारो कानुन सबैले जित्ने अस्त्र हो, यसले सबै फाइदामा रहन्छन् । विक्रेताले ढुक्कसँग कारोबार गर्न सक्छन् । क्रेतालाई पनि खाएको ऋण तिर्नुपर्छ भन्ने भावना हुन्छ र तिर्नलाई कानुनी दबाब रहन्छ । चाँडै चाँडै कारोबारको रोटेसन हुने भएकाले सामानको मूल्य घट्छ, भ्याट चोरी नियन्त्रण हुन्छ । समग्रमा राज्यले आफ्नो कर्तव्य पूरा गरेको महसुस गर्न पाउँछ । यो विक्रेता र क्रेताको आपसी समस्याजस्तो देखिए पनि वास्तवमा यो मुलुककै समस्या हो । अब यो कसरी कार्यान्वयन गर्ने भन्ने अहं प्रश्न छ । उधारो कानुन कार्यान्वयनको दुई पाटा छन् । पहिलो, नेपाल राष्ट्र बैंकले नियम बनाएर यो कार्यान्वयन गर्न सक्छ । कसरी भने, हामीले बिक्री गरेको सामानको कारोबारका लागि हामीले कुनै न कुनै बैंकमा ऋण लिएकै हुन्छौं, चाहे उद्योगी होस् वा व्यवसायी । हामीले कुनै क्रेतालाई उधारो सामान ३० दिनका लागि उधारो दियौं । सो ३० दिनभित्र पैसा आए ठिकै छ, आएन भने थप १५ दिनभित्र हामीले हाम्रो बैंकलाई बिलको प्रति समेत राखी क्रेताको प्यान नम्बर, फोन नम्बर, ठेगाना राखी उसको बैंकलाई र बैंक नभए स्थानीय उद्योग वाणिज्य सैलाई अथवा सोझै क्रेतालाई नै बैंकले रकम जम्मा गर्ने चिठी पठाउँछ । तोकिएको समयमा पनि पैसा असुल नभएमा बैंकले त्यस पार्टीलाई कालो सूचीमा राख्न सिफारिस गर्छ । अहिलेकै कर्जा सुरक्षण निगम वा थप कुनै संरचनाबाट त्यसलाई कालो सूचीमा राख्नुपर्छ । सबै कारोबारीहरू बेइमान हुँदैनन् । मैले लिएको सामानको पैसा नतिरे म कारबाहीमा पर्छु । कालो सूचीमा परेको हुन्छु भन्ने भएमा करिब ८० प्रतिशत समस्या सकिन्छ । बाँकी २० प्रतिशतका लागि कुनै न्यायालयलाई फास्ट ट्र्याकमा यो मुद्दा टुङ्ग्याउने व्यवस्था गरे मोटामोटी यो समस्या सकिन्छ । दोस्रो, नेपाल सरकारले छुट्टै उधारो व्यवस्थापन कानुन बनाउनुपर्छ र सो कानुनले यी सबै विषयलाई सम्बोधन गर्नुपर्छ, तर नेपालको समस्या यहाँको संसद्बाट कानुन बनाउनै अति कठिन छ । संसद्को एक सेसनमा १-२ कानुन मात्र बन्छ । अब उद्योग व्यवसायसँग प्रत्यक्ष सरोकार रहेको यो विषय सरकारको कति प्राथमिकतामा पर्छ र संसदहरूले कति छिटो कानुन बनाउँछन् भन्न सकिँदैन । ***-रातोपाटी डटकम***

## महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पाः०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पतालः ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मनमा शंका र मनमा दुबिधा उत्पन्न होला । सामान हराउन सक्छ । | **तुला** : प्रेमीको सहयोग प्राप्त हुनेछ । कलासाहित्यमा रुचि बढ्नेछ । |
| **वृष** : चलाखीपूर्ण बोलीले संकल्प सिद्ध हुनेछ । सुखद् यात्राको योग छ । | **वृश्चिक** : साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ। दिनको उत्तरार्ध सुखद् रहनेछ। |
| **मिथुन** : आदर्श व्यक्तित्वसँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ । | **धनु** : शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमंग र उत्साह रहला । |
| **कर्कट** : शुभकार्यको चर्चा चल्नेछ । सांगीतिक क्षेत्रमा रुचि बढ्नेछ । | **मकर** : जीवनसाथीको सल्लाहमा गरिएको कार्यमा सफलता मिल्नेछ । |
| **सिंह** : झन्झटिलो काममा संलग्न हुनुपर्ने समय छ । लाभमूलक काम पनि हुनेछ । | **कुम्भ** : विद्या र बुद्धिको विकास हुनेछ । दाम्पत्य जीवन पनि सुखमय हुनेछ । |
| **कन्या** : घरमा अतिथिको आगमन हुनेछ । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । | **मीन** : विशिष्ट व्यक्तिको भेटघाटले मन प्रसन्न हुनेछ । |

# साहित्य दर्पण

क्लासिक निबन्ध — नगेन्द्र शर्मा

## उखेल्नुपर्ने उखानहरू

*कुनै एक जात वा सम्प्रदायले अर्को थरीलाई ताकेर, खसालेर, हियाएर भन्नुपरे उखानको सहारा लिने चलन हामीमा छ । एक जना मानिसले कुन जमानामा रिसले हो वा द्वेषले, ठट्टामा हो वा बठ्याइँमा, एउटा उखान कथ्यो होला, त्यसैलाई उसका शाखासन्तान र समाजले पनि ठीक-बेठीक सोच्दै नसोची अन्धाधुन्ध सत्य ठानी उपयोग गर्दै र हन्छन् । 'बिना चालले कुकुर भुक्तैन' भन्ने उखानको आडमा, बूढापाकाले नसोची ती उखानहरु कथेनन् होला भन्नुहुन्छ भने 'बूढापाकाले कुरा बिराउँछन्, ढुङ्गामुढाले बाटो बिगार्छन्' भन्ने उखान पनि सुन्नुभएकै होला ।*

नेपाली संसारलाई एउटा विराट् अनि उदार परिवार बनाउनलाई जति पनि हाम्रो साहित्यिक भाषाको भण्डारमा अमूल्य रत्नहरु छन्, मणि र ढुंगाका टुक्राहरु छन्, तिनको उपयुक्त छानबिन गर्ने बेला आएको छ । राष्ट्रिय र जातीय एकीकरण प्रत्येक समाजको उद्देश्य हुनुपर्छ । उखान, आहान अनि लोककथाहरुको पनि यही उद्देश्य हुनुपर्छ । उदारता नै प्रकृति होस्, सङ्कीर्णता होइन । हालै मेरो एक जना साथीले जाडो दिनमा एउटा घटना सुनाउँदा एक ठाउँमा भने, 'बिहानपख घाँसपातमा तुसारो परेको...' मैले आधा ठट्टामा आधा गम्भीरतामा, बीचैमा कुरा काटेर सोधेँ, 'तुसारो पनि पर्छ र ? जम्छ पो त ।' 'हुन त पानी परे झैं आकाशबाट शीत-तुसारो पर्दैन, तर पनि पर्छ भन्ने बानी लागेकोले जम्छ भन्नु अनौठो लाग्छ', उनले भने । साँझमा मैले घर आएर सोचें, उनको कुरो ठीकै हो । बानी भन्ने पनि अनौठो कुरो छ, 'बैंस जान्छ बानी जाँदैन' भन्ने उखानै छ र त्यो ठीकै पनि हो कि ?

उखानको प्रसङ्गमा अरु एक-दुई कुरा भन्न मन लाग्यो । उखानटुक्काहरु जोडेर हाम्रा पितापुर्खाहरूले हाम्रो भाषालाई धनी बनाएका छन्, यो सोच्दा मन रमाउँछ । हामीले असभ्य भन्ने पुर्खाहरु वास्तवमा कति बाठा रहेछन् त ? कुनै-कुनै बेला त आँ भन्दा अलङ्कार बुझाउने एउटै टुक्का-उखानले एउटा किताबभरि नै अर्थको काण्ड पुर्‍याइदिन्छ । युगौंदेखि मानिसले थप्दै-बढाउँदै लगेको ज्ञान-विकास ऐनामा झैं छर्लङ्ग गराउने यो हाम्रो सञ्चित ज्ञानको भण्डारले हाम्रो भाषालाई साँच्चै धनी बनाएको छ । तर फेरि बकुल्लाको हूलमा काग बसे झैं यी टुक्का-उखानहरुमध्ये कति यस्ता पनि छन्, जसले आजको समय र समाजलाई नसुहाउँदो चित्त-विकासको परिचय दिन्छन् । यस्ता सामाजिक साँघुरोपनको परिचय दिने उखानहरुमध्ये जातवर्गीय उखानहरु नामी छन् । कुनै एक जात वा सम्प्रदायले अर्को थरीलाई ताकेर, खसालेर, हियाएर भन्नुपरे उखानको सहारा लिने चलन हामीमा छ । एक जना मानिसले कुन जमानामा रिसले हो वा द्वेषले, ठट्टामा हो वा बठ्याइँमा, एउटा उखान कथ्यो होला, त्यसैलाई उसका शाखासन्तान र समाजले पनि ठीक-बेठीक सोच्दै नसोची अन्धाधुन्ध सत्य ठानी उपयोग गर्दै रहन्छन् । 'बिना चालले कुकुर भुक्तैन' भन्ने उखानको आडमा, बूढापाकाले नसोची ती उखानहरु कथेनन् होला भन्नुहुन्छ भने 'बूढापाकाले कुरा बिराउँछन्, ढुङ्गामुढाले बाटो बिगार्छन्' भन्ने उखान पनि सुन्नुभएकै होला । उनीहरुले एक वा दुई वर्गको स्वार्थरक्षाको निम्ति वा मन बहलाउनको निम्ति अर्को वर्गको खिसी, निन्दा गर्न उखान बनाउँदा ती उखानले समाजमा भेदभाव बढाउलान् वा जातीय एकतामा चोट पुर्‍याउलान् भन्ने तिनले सोचे होलान् र ? कि सोचेरै आँखा चिम्ले कि ? हुन त 'मनपर्दो कुरा र ताकपर्दो नियाँ' खोजेर पो सधैं कहाँ चल्छ र ? तर पनि हामीले 'मुख छँदाछँदै नाकले पानी पिउनु हुँदैन ।' समझ छ भने त्यसको उपयोग सोचनको निम्ति गर्नुपर्छ, उखानहरूको आधारमा एकलकाँटे आँखाले संसारलाई हेर्न हुँदैन । यस्ता उखानका केही उदाहरणहरु पनि हेरिहालौं । एउटा छ 'बाहुनक्षत्रीको कोखामा दाँत', अर्को 'नेवार इष्ट हुँदैन, बाबु दुष्ट हुँदैन', अझ अर्को 'कामी ढर्रा, दमाइँ स्वाङ ।' यस्तै अरु पनि छन्, जस्तै- 'राई र पँधेरा चिसो', 'मगर गिठ्ठा भ्याकुर', 'तामाङ भोटे गाई खरानी' आदि । यी उखानहरुले विभिन्न जात र वर्गको 'इन्हेरेन्ट' चरित्र (गुण-दोष) देखाउन चाहेका होलान्, तर हरेक जातका जम्मै व्यक्तिमा एउटै गुणदोष हुन्छ भन्नु 'भदौमा अन्धो भएको गोरुले सबै हरियैहरियो' देखे झैं हुन्छ । 'काम बिराउने रामे, चोट पाउने चामे' भने झैं कुनै एक जातको एक वा दुई व्यक्तिलाई देखेर त्यसका सबै मानिसहरु 'एकै ड्याङका मूला' हुन् भन्नु कहाँसम्म तर्क-सफल कुरा हो ! यो त 'एकले बिराउने, शाखा पिराउने' झैं पो भयो । 'काजीको छोरो पानी औ पाजीको छोरो काजी' हुन सक्छह फेरि एउटै सन्तानमा पनि 'जेठी छोरी नक्कली, कान्छी छोरी डल्ली' हुनु केही अचम्मको कुरा होइन । 'एकै हातका पाँच औंला बराबर हुँदैनन्' भन्ने जान्दाजान्दै कुन तर्को आडमा हामीले यी हाम्रा पक्षपातहरुलाई प्रश्रय दिनु ? यी पक्षपाती नेपालीहरुले कुनै वर्गविशेषको नाउँ सुन्ने बित्तिकै त्यसको ठाउँठहरको ठेगाना लगाउन खोजिहाल्छन् । 'वनको बाघले खाओस् नखाओस् मनको बाघले' उनीहरुलाई अगिबाटै खाइसक्छ । उता जो मानिस यी उखानहरुको सिकार भएको हुन्छ,उसलाई चाहिँ 'बिरालाको ठट्टा मुसाको प्राणै' झैं भइसक्न बेर नलाग्ला ।

समय र परिस्थिति बमोजिम हामीले हाम्रा धारणाहरु, हाम्रा विचारहरु आदिलाई छानबिन गरेनौं, केलाएनौं र कसिङ्गर फ्याँकेर दृष्टिकोणलाई सुधारेनौं भने हाम्रो मनको विकासमा खिया पर्छ, हामी पनि खिया पर्छौं । 'वर हेर, पर हेर, बेला हेर' भन्ने टुक्काले हामीलाई यही कुरा सम्झाउँछ कि भन्ठान्छु । अगि माथि जुन जातवर्गीय चरित्र तोक्न खोज्ने उखानहरुको उल्लेख भयो,तिनलाई एकपल्ट फेरि हेरौं । ती उखानहरु सुन्दा मेरो मनमा यस्ता प्रश्न उठ्छन्- दुष्ट हुने दुर्गुण नेवारहरुको मात्र पेवा दुर्गुण हो र ? अरु जातका मानिस चाहिँ सबै साधु ? फेरि, स्वाङ र ढर्राविषेश दुई वटै जातको मात्र विशेषता हो के? तामाङहरु भोटे हुन् भन्नु र ती सबैले गाईको मासु खान्छन् भन्नु कहाँसम्म उचित हो ? मेरा एक जना नेवार बन्धु छन् । हुन त मभन्दा एक पुस्ता नै बढ्ता उमेरका भएकाले बन्धु भन्न नसुहाउने हुनाले म उनलाई अर्कै सम्मानको नाउँले बोलाउँछु । 'बन्धु' भन्ने सम्बोधन चाहिँ उनको सौहार्द, उदारता तथा औधी असल शील स्वभावलाई एक शब्दमा समेट्ने चेष्टा हो । राजनीतिक र सामाजिक संस्थाहरुको विस्तृत कार्यक्षेत्र वैयक्तिक सम्बन्धहरुको फेटमा पनि औधी नजिकबाट तिनलाई हेर्ने सबै मेरा मित्रहरुको भनाइ छ- उनको व्यक्तित्व औधी उदार र आकर्षक छ । ती सबैले मन पराएका व्यक्ति छन् । तर, उखानले उनको जातलाई वर्णन गरे अनुसार त उनी कि माखोको बोसो झिक्ने हुनुपर्ने कि त स्याल कराउँदा घ्याम्पाभित्र लुक्ने हुनुपर्ने अथवा 'दुष्ट' त हुनैपर्ने ! यी तीनै वटा गुण उनको चरित्रमा पाइएनन् भने उनलाई त्यो जातका होइनन् भन्ने ? मैले एक जना उखानभक्तलाई सोधेँ । 'त्यसो त किन भन्ने र, जुनसुकै नियमको पनि एक्सेप्शन त हुन्छ नै, ती पनि एक्सेप्शन होलान्', उखानभक्तले भने । यस्ता अनेक प्रतिवाद अन्ध उखानभक्तहरुले पेश गर्छन्, एउटा उखान जोगाउनलाई अर्कै उखानको आड पनि लिन्छन् । आखिरमा आफ्नो पक्ष अलिक कमजोर देखे भने, 'फलानु मानिसलाई हेरेर ढिस्कानो जातको होला भन्न मुश्किल पर्छ, हो कि ?' भनेर फुत्कन पनि खोज्छन् ।

यस्ता हियाउने उखानहरु केवल हँस्यौलीका निम्ति उपयोग गरिने भए त यहाँ रौंचिरुवा तर्क गरेर टाउको दुखाउने काम थिएन । हाँस्ने थियौं, बिर्सने थियौं । यस्तै यी उखानटुक्काहरु छन्, 'गोरु बेपारी ओझा कहिल्यै नहुने सोझा' वा 'बाहुनले च्याउ खाओस् न स्वाद पाओस्' वा 'मगरको संक्रान्ति कात्तिकको पन्ध्र दिन जाँदा' वा 'जहाँ केरा त्यहाँ बाहुनको डेरा' वा 'जता मर्‍यो भेडा उता सर्‍यो गुरुङ' आदि । यिनलाई सुनेर हाँस्न छाडी रिसाउने त कुरै उठ्तैन किनभने यिनमा त्यो विष, त्यो खिसिगराई, त्यो तीतोपना छैन, जो माथि अगि भनिएका उखानहरुमा थिए । तर, जब 'रातभन्दा सपना लामु' भने झैं विषयभन्दा गन्थन लामु हुन लाग्यो र यसलाई अरु बढ्ता लम्याउने काम देख्तिनँ । हामीले चाहिँ सम्झिनुपर्छ कि नसोची उपयोग गरिए भने यी उखानहरुको फल हाम्रो सामाजिक एकताको बाटोमा 'अरिङ्गालको गोलामा स्यालले ट्याम्को बजाउँदाको' झैं हुनेछ । हुन त शिक्षा र सभ्यताको बढ्ता प्रचारले यो मनोविचारको प्रतीक उखानहरुलाई पनि सुहाउँदो संस्कार गर्ला, तर यी 'ओरालो लागेको घाम र पखाला लागेको बूढो झैं' पाएका वर्गीय विकारलाई चेतनशील व्यक्तिहरुले एक-दुई धक्का थपे भने 'कैले मर्लास् बोको, अष्टमीको दिन' भन्नुपर्ने थिएन । 'बसी बोलूँ त सुन्ने कोही छैन, उठी बोलूँ त बतासले उडाउँछ' भन्थ्यो रे एउटाले । मेरो यो निबन्ध पनि त्यस्तै हुने हो कि ! तर, अरुले जे-जसो ठाने पनि मलाई चाहिँ त यस्ता कति उखानहरु 'झगडे स्वास्नी र काउसोको माला' होलान् झैं लाग्छ । त्यसै कारण 'बोले टर्छ, हाने मर्छ भन्ठानेँ ।'

*-साहित्यपोष्ट डटकम*

लघु कथा — नवराज न्यौपाने 'मौन'

## निभेको आगो

*उदाश मुद्रामा मिलनले सुनिरह्यो । मलाई भारत घुमाउन लगेर मेरै लोग्नेले मुम्बईमा बेचेर आएको हो । मेरो मोबाइल उसैले लिएर आएको हो । अनि यहाँ आएर मोबाइल घरमै छोडेर घरबाट बेपत्ता भएकी भनेर प्रहरीमा निवेदन दिने काम र विभिन्न सञ्चार माध्यममा महिला हराएको सूचना प्रचारप्रसार गराएछ । यति भन्दा दुवैका गला अवरुद्ध भए । एकछिन रोकिएर उसले पुनः बोल्न शुरु गरी- 'सर, म त काठमाडौं फर्केपछि सोझै माइत गएकी थिएँ । तर माइतीमा सबै कुरा थाहा पाइसकेका रहेछन् । सबैले छिःछिः र दुर दुर गरे । कसको घरभित्र पनि पस्न दिएनन् । मैले छोएको चिजबिज कसैले खान मानेनन् । बाबाआमाले पनि वास्ता गरेनन् ।*

शुक्रबारको दिन तीन बज्न लाग्दा हाकिम मिलन मरहट्टाको मोबाइलमा अपरिचित नम्बरबाट फोन आयो । रङ्ग नम्बर हुन सक्छ भनेर उसले फोन उठाएन । फेरि एकछिन पछि त्यही नम्बरबाट फोन आयो । गाडीमा चढ्न तरखर गर्दै उसले फोन उठायो । 'हेलो ! म मिलन मरहट्टा । तपाईंले कसलाई खोज्नुभएको नि ?' उसले विस्तारै भन्यो । 'नमस्कार सर ! मैले तपाईंलाई नै खोजेकी हुँ । म त्यही हराएकी तिर्सना शर्मा हुँ । अभिनेता सुनील शेट्टीले पछिल्लो पटक मुम्बईबाट उद्धार गरेर नेपाल फर्काएका छब्बीस जना नेपाली चेली मध्येकी म पनि एक हुँ । मसँग परिचयपत्र, नागरिकता केही पनि नभएकोले सिंहदरबार्भित्र छिर्न पाइन । म दुई घण्टादेखि तपाईंलाई कुरेर बसिरहेकी छु । कृपया मलाई भेटेर मात्र जानुहोला ।' उताबाट महिलाको रुन्चे स्वर सुनियो ।

'हुन्छ, गेटको बाँया साइडमा बस । म बाइकमा आउँदै छु ।' त्यसपछि गाडी छोडेर ऊ बाइकमा हुँइकियो । अनि, गेटबाट उसलाई लिफ्ट दिएर अनामनगरको रोटी पसलमा पुग्यो । अनि सुख्खा रोटी तरकारी अर्डर गरेर भित्रको कोठामा पुगेर भलाकुसारी शुरु भयो । 'सर, म तपाइँलाई मेरो अन्तरकथा र समस्या सुनाएर मन हल्का पार्न चाहन्छु ।' आँसु पुछ्दै उसले भनी । 'ल भन, मैले सकेको सहयोग गर्नेछु ।' मिलनले भावुक हुँदैं भन्यो । अनि तिर्सनाले धाराप्रवाहमा आफ्नो जीवनकथा सुनाई । उदाश मुद्रामा मिलनले सुनिरह्यो । मलाई भारत घुमाउन लगेर मेरै लोग्नेले मुम्बईमा बेचेर आएको हो । मेरो मोबाइल उसैले लिएर आएको हो । अनि यहाँ आएर मोबाइल घरमै छोडेर घरबाट बेपत्ता भएकी भनेर प्रहरीमा निवेदन दिने काम र विभिन्न सञ्चार माध्यममा महिला हराएको सूचना प्रचारप्रसार गराएछ । यति भन्दा दुवैका गला अवरुद्ध भए । एकछिन रोकिएर उसले पुनः बोल्न शुरु गरी- 'सर, म त काठमाडौं फर्केपछि सोझै माइत गएकी थिएँ । तर माइतीमा सबै कुरा थाहा पाइसकेका रहेछन् । सबैले छिःछिः र दुर दुर गरे । कसको घरभित्र पनि पस्न दिएनन् । मैले छोएको चिजबिज कसैले खान मानेनन् ।

बाबाआमाले पनि वास्ता गरेनन् । लाचार भएर म फेरि काठमाडौं फर्किएँ ।' उसले उदाश हुँदै भनी । 'अब कानुनी उपचार खोज्नुपर्छ ।' मिलनले सुस्केरा हाल्दै बोल्यो । 'कसरी उपचार खोज्नु र सर' म त निभेको आगो हुँ । मेरा सबै सरसामन, लुगाफाटो, गरगहना, शैक्षिक प्रमाणपत्र, नागरिकता सबै लोग्नेले राखेको छ । अरु साथीका त सबैथोक माइतमा थिए र नयाँ जीवन शुरु गरिसके । मेरो भने जीवन अन्धकार हुने भयो । अनि मुख छोपेर रुन थाली । 'तिम्रो लोग्नेलाई मैले चिनेको छु, फोन गरुँ त ?' मौनता भङ्ग गर्दै मिलन बोल्यो । 'भो भो सर !' मैले साथीको फोनबाट कुरा गरेको थिएँ । शुरुमा झस्किएको थियो । पछि म अंशवापत दश लाख र तिम्रा सबै सामान कागजात फिर्ता दिन्छु । तर तिमीले लोग्नेले बेचेको हो भन्ने कुरा कसैलाई नभन्नु ल ! भनेर फकाएको थियो । अचेल पनि फोनमा म नै हुँ भन्ने सोचेर दिउसो दिउसो जे जे भन्छ्यौ सबथोक दिन्छु भनेर फकाउने र राती राती तँलाई पनि जलाइदिन्छु र तेरा सामान पनि जलाइदिन्छु भनेर थर्काउने र धम्क्याउने गरिरहन्छ रे । 'हजुरले दुदुईपटक मलाई माग्न जानुभएको थियो । बाबाले त्यस्तो लाटोसोझो मान्छेलाई छोरी दिनुभन्दा त बोरामा बाँधेर त्रिशुलीमा बागाउन बेस् भनेर भन्नु भएछ । हजुरबाले पनि बाठो मान्छेलाई दियो भने रुखको टुप्पोमा लगेर पनि पाल्छ भ्यन्नुभएछ । तर अहिले मेरो यस्तो हालत देख्दा तेरो भाग्य यस्तै रहेछ भनेर भन्नुहुन्छ ।' यो सुनेर मिलन पनि रोयो । 'सुन्नुस् त सर ! मलाई यो ओखती नखाई निद्रा नै नपर्ने भएको छ ।' झोलाबाट दुइथरी औषधीको निकालेर देखाई । त्यो देखेपछि मिलनले रुदै भन्यो- 'तिर्सना बहिनी, सत्ताइस वर्षसम्म पुरुष हिंसा सहेर बस्दा मलाई पनि त्यही औषधी खाएर निदाउने गरेको छु । किनकि म पनि निभेको आगो नै हुँ ।'

*-समकालीन साहित्य डटकम*


तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

**सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशन मिति: २०८०/१०/२०**

नेपाल सरकारको क्षयरोग मुक्त अभियान अन्तगर्त यस तानसेन नगरपालिकामा क्षयरोग आधारभुत व्यवस्थापन इकाई (Basic Management Unit) सञ्चालन गर्नका लागि देहायको पदमा सेवा करारमा कर्मचारी लिनुपर्ने भएको हुँदा योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ ।

| सि नं | विज्ञापन नं | पद | तह | पद संख्या | परीक्षा दस्तुर | न्युनतम शैक्षिक योग्यता | परिक्षाको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०१।०८०/८१ | कार्यक्रम संयोजक (क्षयरोग मुक्त अभियान) | अधिकृत छैटौं | १ | रु. १००० | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा BPH वा स्वास्थ्य विज्ञानमा स्नातक तह उत्तिर्ण गरि नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता तथा नविकरण भएको | संक्षिप्त सूची, कम्प्युटर सीप परिक्षण र अन्तर्वार्ता | |

**तपसिल**

१. दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
२. नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।
३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको ।
४. पारिश्रमिक तथा सेवा सुविधा : अधिकृतस्तर छैठौं तहको शुरु तलब स्केल बराबर ।
५. दरखास्त दिने मिति : सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र र उक्त दिन बिदा परेमा कार्यालय खुलेको पहिलो दिन ।
६. दरखास्त फारम : कार्यालयबाट उपलब्ध गराईनेछ ।
७. दरखास्त दिने स्थान : तानसेन नगर कार्यपालिकाको कार्यालय, तानसेन पाल्पा ।
८. परीक्षा केन्द्र : तानसेन नगरपालिका कार्यालय, पाल्पा ।
९. परीक्षा सम्बन्धी कार्यक्रम दरखास्त दिने अन्तिम मिति पछि प्रकाशन गरिनेछ ।
१०. आवेदकले लिखित निवेदनको साथमा आवश्यक कागजातहरु पेश गर्नुपर्नेछ । तोकिएको योग्यता नपुगेका आवेदकहरुलाई परीक्षामा समावेश गरिने छैन ।
११. यस सम्बन्धी विस्तृत जानकारीको लागि यस कार्यालयको प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ ।

**जीवन ज्ञवाली**
**प्रमुख प्रशासकीय अधिकृत**

# रामपुर एकीकृत घुम्ती शिविर : वडामै पुगेर सेवा




**पाल्पा,** माघ १९/जिल्लाको रामपुर नगरपालिकाले वडामै पुगेर सेवा दिन शुरु गरेको छ । नगर सरकारले एकीकृत घुम्ती सेवामार्फत वडामै पुगेर नागरिकलाई सेवा दिन शुरु गरेको हो । उसले कार्यालयको कामकाजलाई व्यवस्थित गर्दै वडा-वडामा पुगेर घुम्ती सेवामार्फत नागरिकलाई सेवा प्रवाहसँगै उनीहरुका जनगुनासाहरुलाई समेत सोही ठाउँबाट समाधान गर्ने प्रयास गरेको छ । पालिकाबाट हुने सेवाहरु लिन केन्द्रमा पुग्न नागरिकलाई झन्झटिलो हुनुको साथै समय र खर्चिलो हुने हुँदा वडामै पुगेर सबै सेवाहरु एकै ठाउँबाट प्रवाह गर्न थालिएको पालिएकाले जनाएको छ ।

नगरपालिकाले बिहीबार वडा १ को वडा कार्यालय भवनमा विभिन्न सेवा सहित घुम्ति शिविर सञ्चालन गरेको छ । शिविरमा आँखा, कान, दाँत लगायत सम्पूर्ण स्वास्थ्य जाँच, कृषि तथा पशु सेवा, अपाङ्गता परिचय पत्र, पञ्जीकरण, व्यवसाय दर्ता तथा नविकरण लगायत नगरपालिकाबाट प्रवाह हुने सेवा दिइएको थियो । देशमा संघीयता कार्यान्वयनमा आएसँगै सिंहदरबारको अधिकार गाउँ-गाउँमा भन्ने मूल नारालाई सार्थकता दिनका लागि नगरवासीको आवश्यकता र सेवा सहजताका लागि शिविर सञ्चालन गरिएको नगर प्रमुख रमणबहादुर थापाले बताए । उनले भने- 'सामान्य स्वस्थ्य जाँचका लागि पनि धेरै टाढा जानु पर्ने र अन्य सेवाका लागि नगरपालिकाको कार्यालय नै जानु पर्छ, त्यही बाध्यतालाई बुझेर जनताको स्वस्थ्य र सेवा सहजताका लागि शिविर सञ्चालन गरेका हौं ।' उनले भूगोलका हिसाबले टाढा रहेको वडा १ र २ लाई मध्यनजर गर्दै पहिलो चरणमा एकिकृत घुम्ति शिविर सञ्चालन गरिएको र यस पश्चात वडा ९ र १० मा पनि क्रमश: शिविर सञ्चालन गर्ने बताए ।

शिविरबाट आँखा जाँच, दन्त परिक्षण, अन्य स्वस्थ्य परिक्षण, ज्येष्ठ नागरिक परिचयपत्र, अपाङ्ग परिचयपत्र लगायतका सेवा दिईएको प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डितले जानकारी दिए । उनले सिमित स्रोत र साधनकाबिच सेवाग्राही नागरिकको सहज पहुँचका लागि शिविर सञ्चालन गरिएको उल्लेख गरे । सामान्य सेवाका लागि धेरै समय खर्चेर पालिकासम्म पुग्नु पर्ने भएकाले थोरै भएपनि सुविधा होस् भन्ने हेतुले वडा कार्यालयमा पालिकाको सबै सेवा दिन शिविर सञ्चालन गरिएको नगर प्रवक्ता कपिलबहादुर खाँणले बताए । कृषि, पशु र अन्य स्वास्थ्य जाँच सेवा वडा कार्यालयमै पाएपछि आफुलाई खुसी लागेको स्थानीय कर्णसिं ठकुरीले बताए ।

शिविर मार्फत १ सय ५३ जनालो पशु सेवा, १ सय २९ जनाले कृषि सेवा, १ सय ६२ जनाले आँखा परीक्षण, ६३ जनाले दन्त परिक्षण, १ सय ३९ जनाले स्वास्थ्य परिक्षण, १ जनाले अपाङ्गता परिचयपत्र र ११ जनाले ज्येष्ठ नागरिक परिचय पत्र सेवा लिएको नगरपालिकाका योजना शाखा प्रमुख विक्रम बस्नेतले जानकारी दिए । शिविरमार्फत २ सय १९ जना सेवाग्राहीले सेवा लिएका छन् । रामपुर नगरपालिकाले दुरी र पहुँचका हिसाबले टाढा रहेका नगरका विभिन्न स्थानमा एकिकृत घुम्ति शिविर सञ्चालन गर्ने योजना रहेको नगरपालिकाका सुचना अधिकारी युवराज पन्थीले जानकारी दिए ।

## खेलकुद समाचार

# वेस्टइन्डिजमाथि अष्ट्रेलियाको सहज जित



**काठमाडौं,** माघ १९/घरेलु टोली अष्ट्रेलियाले पहिलो ओडीआई खेलमा वेस्टइन्डिजलाई ८ विकेटले हराएको छ । योसँगै तीन खेलको सिरिजमा १-० को अग्रता लिएको छ । जितको लागि २३२ रनको विजयी लक्ष्य पछ्याएको अष्ट्रेलियाले ३८.३ ओभरमा २ विकेट गुमाउँदै पूरा गर्‍यो ।

कप्तान स्टिभ स्मिथ ७९ बलमा ८ चौकासहित सर्वाधिक ७९ रन बनाए । त्यस्तै क्यामरन ग्रीन १०४ बलमा ४ चौका र २ छक्कासहित ७७ रनमा अविजित रहे । ओपनर जोश इंग्लिस ४३ बलमा १० चौका र १ छक्कासहित ६५ रनमा आउट भएका थिए । वेस्टइन्डिजका म्याथ्यु फर्ड र गुडाकेश मोतीले १-१ विकेट लिए । त्यसअघि मेलबर्न क्रिकेट ग्राउन्डमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको वेस्टइन्डिज ४८.२ ओभरमा २३१ रनमा अल आउट भयो । वेस्टइन्डिजका केसी कार्टीले १०८ बलमा ६ चौका र २ छक्कासहित सर्वाधिक ८८ रन बनाए । रोश्टन चेशले ६७ बलमा ७ चौकासहित ५९ रन बनाए । अष्ट्रेलियाका डेब्यू खेल खेलेका तीव्र गतिका बलर जेभियर बर्टलेटले ९ ओभरमा १७ रन खर्चेर ४ विकेट लिँदै प्लेयर अफ द म्याच चुनिए । सन एबोट र क्यामरन ग्रीनले २-२ विकेट लिए । दोस्रो ओडीआई आइतबार र तेस्रो मंगलबार हुनेछ ।

## कर्पोरेट/अर्थ समाचार

# नबिलको उद्यमशील कर्जा योजना

NABIL BANK

**पाल्पा,**माघ १९/नबिल बैंकले दक्ष प्रवासी उद्यमशील कर्जा योजना ल्याएको छ । बैंकले वैदेशिक रोजगारीमा गएर सीप सिकेर नेपाल आएका युवाहरूलाई प्रोत्साहन गर्नका लागि दक्ष प्रवासी उद्यमशील कर्जा योजना ल्याएको हो ।

बैंकले स्वदेशमा उद्यम गर्न चाहने प्रवासी नेपाली र उनीहरूको परिवार लक्षित १० करोड रुपैयाँसम्मको कर्जा सुविधा ल्याएको छ । बैंकले न्यूनतम १५ लाख रुपैयाँदेखि १० करोड रूपैयाँसम्मका सुविधा र विभिन्न चरणमा विभाजन गरी कर्जाको सीमा समेत तोकेको छ । उसले कृषि, हस्तकला तथा साना उद्यमी गर्ने प्रवासी नेपालीलाई १५ लाख रुपैयाँको कर्जा समेत प्रदान गर्नेछ । बैंकले लगानी थप गरी उद्योग बिस्तार गर्न चाहनेलाई १५ लाखदेखि १ करोडसम्म कर्जा दिने योजना ल्याएको हो । वैदेशिक रोजगारीबाट फर्केका युवालाई सहज बनाउन बैंकले दक्ष प्रवासी उद्यमशील कर्जा योजना अभियान चलाएको जनाएको छ ।

विदेशमा गएका नेपाली श्रमिकहरूले नविल बैंकको कर्जा योजनाले औपचारिक क्षेत्रबाट रेमिट्यान्स भित्र्याउन प्रोत्सान गर्ने छ । औपचारिक रुपमा रेमिट्यान्स आउँदा आर्थिक रूपमा देशको अर्थतन्त्रमा टेवा पुग्नेगरी योजना ल्याइएको बैंकले जनाएको छ ।

# तानसेनमा 'जहाँ मार्किङ त्यहाँ पार्किङ' अभियान



**पाल्पा,** माघ १९/तानसेनमा ट्राफिक व्यवस्थापनको समस्या समाधान गर्न 'जहाँ मार्किङ त्यहाँ पार्किङ' अभियान सुरु गरिएको छ । तानसेन नगरपालिकाले ट्राफिक प्रहरीसँग सहकार्य गरेर सो अभियान सञ्चालन गरेको हो ।

सवारी साधन पार्किङ गर्ने निश्चित ठाउँ नहुँदा नगर क्षेत्रमा ट्राफिक ब्यवस्थापनमा कठिनाई हुने गरेको छ । सडकमा साना, ठूला सवारी साधन आफुखुसी चल्ने र पार्किङ हुने गरेका छन् । तानसेनका विभिन्न स्थानमा जथाभावी पार्किङका कारण ट्राफिक समस्या बढेपछि जनताको गुनासोलाई सम्बोधन गर्न वडा २ का वडाध्यक्ष महेश्वर श्रेष्ठको संयोजकत्वमा अभियान सुरु गरिएको नगर प्रमुख सन्तोषलाल श्रेष्ठले बताए । तानसेनका सम्भावित ठाउँहरुको पहिचान गर्दै पार्किङ र जेब्राक्रस समेत निर्माण गरिएको उनको भनाई छ । ट्राफिक प्रहरीको प्राविधिक सहयोग र नगरपालिकाको आर्थिक सहयोगमा अभियान सञ्चालन गरिएको अभियानका संयोजक श्रेष्ठले बताए । उनका अनुसार अभियानले बाहिरबाट आउने सवारीहरुको व्यवस्थापन गर्न समेत सहज हुनेछ । अभियानले पैदल यात्रीलाई सहज रूपमा सडकमा यात्रा गर्न सहज हुनेछ भने अव्यवस्थित पार्किङका कारण उत्पन्न समस्या समाधान हुने जिल्ला ट्राफिक प्रहरी कार्यालय पाल्पाका प्रमुख राजकुमार चापागाईले बताए । अभियान अन्तर्गत जिल्लाको प्रमुख सडकको रूपमा रहेको सिद्धार्थ राजमार्गका विभिन्न स्थानमा मार्किङ गरिनेछ । मार्किङ गरेको स्थानमा बाहेक अन्य स्थानमा पार्किङ गरे त्यस्ता चालकले कारवाही भोग्नुपर्ने प्रहरीले जनाएको छ ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई